अनुसूची -२

दफा ४ तथा अनुसूची -१ को भाग -२ संग सम्बन्धित

माङसेबुङ गाउंपालिका

स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८१।०८।१२

भाग-२

माङसेबुङ गाउंपालिका, गाउं कार्यपालिकाले स्वीकृत गरेका देहाय बमोजिमको कार्यविधि सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**माङसेबुङ गाउँपालिकाको कफि खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।८।११

**प्रस्तावनाः** माङसेबुङ गाउँपालिकाको लागि आ.व. २०८१/८२ मा कृषि, पशुपंक्षि तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यन्वयनलाई व्यवस्थित, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन बाञ्छनिय भएकोले यो “माङसेबुङ गाउँपालिकाको कफि खेति प्रवर्दन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” तर्जुमा गरी लागु गरिएको हो ।

**परिच्छेद -१**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “माङसेबुङ गाउँपालिकाको कफि खेति प्रवर्द्बन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** (१) बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “कार्यविधि” भन्नाले माङसेबुङ गाउँपालिकाको कफि खेति प्रवर्दन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्झनुपर्छ ।

(ख) “कार्यक्रम” भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कफि खेति प्रवर्दन कार्यक्रमलाई सम्झनुपर्छ ।

(ग) “कृषक समुह” भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समुहलाई सम्झनुपर्छ ।

(घ) “फर्म” भन्नाले व्यवसायिक रुपमा कृषि ब्यवसाय गरिरहेका र माङसेबुङ गाउँपालिकामा दर्ता भएको संस्था सम्झनुपर्छ ।

(ङ) सहकारी भन्नाले कृषि व्यवसाय गर्ने गरी प्रचलित कानुन बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनुपर्दछ ।

(च) “आवेदक” भन्नाले कार्यक्रम सञ्चालनका लागि आवेदन दिएका कृषक समूह/सहकारी/ कृषि फर्म सम्झनुपर्छ ।

**३. उदेश्यः** यस कार्यविधिका देहाय बमोजिमका उदेश्यहरु रहनेछन् ।

(क) माङसेबुङ गाँउपालिकामा कफि खेति गरिरहेका कृषकहरुलाइ ब्यबसायिक कफि खेति सम्बन्धि सिप विकास गर्नु

(ख) कफिको उत्पादकत्व वृद्धि गरी कृषकहरुको आयआर्जन वृद्धि गर्ने ।

(ग) कफिको प्रशोधन तथा बजारीकरणमा टेवा पुर्याउनु।

## परिच्छेद -२

**४. समिति सम्बन्धि व्यवस्था:**

कफि खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौंट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव मूल्याङ्कन समिति देहाय बमोजिम गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | आर्थिक विकास समितिको संयोजक | संयोजक |
| (ख) | प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति | सदस्य |
| (ग) | पशु सेवा शाखा प्रमुख | सदस्य |
| (घ) | कृषि शाखा प्रमुख | सदस्य सचिब |

**४.१ मूल्याङ्कन समितिले निर्णय गर्दा लिईने आधारहरुः**

(क) कफि खेतिलाई आय आर्जनको श्रोतको रुपमा लिइरहेका कृषकहरु ।

(ख) ब्यवसायिक कफि खेति प्रवर्द्वनका लागि प्रति किसान न्यूनतम २ रोपनी र प्रतिक्लस्टर ३ हेक्टर क्षेत्रफल भएको ।

(ग) कृषि विकास शाखाको कर्मचारीले गरेको स्थलगत अनुगमन प्रतिवेदन ।

(घ) आवेदकले पेश गरेको अनुसूचि-१ बमोजिमको निवेदन, अनुसूचि-२ बमोजिमको प्रतिबद्धता पत्र र अनुसूचि-३ बमोजिमको कार्ययोजना विवरण ।

(ङ) विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूचि-४ बमोजिमको स्व-घोषणा पत्र ।

(च) मुल्याङ्कन सम्बन्धि प्रतिबेदन अनुसुची ६ बमोजिमको हुनेछ।

**परिच्छेद - ३**

**<u>कफि खेति प्रवर्द्वन कार्यक्रम सञ्चालन प्रक्रिया</u>**

**५. सुचना प्रकाशनः** यस स्थानिय तहले कार्यक्रम सञ्चालनको लागि १५ दिने आवेदन मागको सूचना प्रकाशन गरि माग संकलन गर्नुपर्नेछ । पर्याप्त माग पेश हुन नआएमा पुन ७ दिने सूचना गरी माग संकलन गरिनेछ ।

**६. प्रस्ताव पेश गर्नेः** कार्यक्रममा सहभागि हुन ईच्छुक आवेदकले अनुसंचि १ को ढाँचामा, सूचनामा माग भए बमोजिम आवश्यक कागजात सहित आवेदन पेश गर्नुपर्नेछ ।

**७. कार्यक्रम सञ्चालनः**

(१) यो कार्यक्रम माङसेबुङ गाउँपालिका भित्र  सञ्चालन गरिनेछ ।

(२) क्लस्टरमा छनोट भएका किसानलाई कफि विरुवा खरीद, छहारी ब्यवस्थापनका लागि बीउ/बीरुवा खरीद, सिचाई ब्यबस्थापन र ब्यवसायिक उत्पादन भै रहेको स्थानमा कफी प्रसोधन तथा बजारीकरणका लागी आवश्यक यन्त्र उपकरण खरीदमा सहयोग उपलब्ध गराउन सकिनेछ।

(३) कफिको विरुवा रोपण, तालिम आदि राष्टिय चिया तथा कफि विकास बोर्डले सिफारीस गरेको मापदण्ड अनुसार हुनुपर्ने छ।

**८. अनुदान प्रतिशत र सिमा**

(१) कुल लागतको बढीमा ५०% अनुदान र कम्तीमा ५०% को नगदै लागत साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

**९. साझेदार संस्थाको छनौटः** साझेदार संस्थाको छनौट प्रस्ताब मूल्याङ्कन समितिको सिफारीसमा आर्थिक विकास समितिले गर्नेछ ।

**१०. सम्झौताः** छनौट भएका आवेदकहरु संग गाउँपालिका कार्यालयले अनुसूचि-५ बमोजिम सम्झौता गर्नेछ ।

## परिच्छेद - ४

**कार्यक्रम सञ्चालनको आर्थिक पक्ष**

| क्र. .स | विवरण | अनुदान रकम | स्व-लगानि | जम्मा |
|---|---|---|---|---|
| १ | कफी विरुवा खरीद | ५०% | ५०% | १००% |
| २ | छहारी ब्यवस्थापनका लागी बीउ/बीरुवा खरीद | ५०% | ५०% | १००% |
| ३ | कफि प्रसोधनका तथा बजारीकरणका लागी आवश्यक यन्त्र उपकरण खरीद | ५०% | ५०% | १००% |
| ४ | सिचाई ब्यबस्थापन | ५०% | ५०% | १००% |
| ५ | ढुवानी | ५०% | ५०% | १००% |

**११. साझेदार संस्थाले प्राप्त गर्ने अनुदान र स्वलगानिको विवरणः**

१२. अनुदान रकम प्राप्त गर्न साझेदार संस्थाले सम्झौता बमोजिम काम गरी बिल/भरपाई कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३. यस कार्यक्रमको लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धि अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१४. सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक बिल, भरपाई, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिबेदन तथा अन्य आवश्यक कागजात पेश गरेपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रहि भुक्तानि गर्नुपर्नेछ ।

## परिच्छेद - ५

**विविध**

**१५. अनुगमन तथा मुल्यांकनः** कृषि विकास शाखा र गाउँपालिकाको आर्थिक विकास समितिले आवश्यकता अनुसार स्वीकृत कार्ययोजना र सम्झौता अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन तथा मुल्यांकन गर्नेछ ।

**१६. कारवाहिको व्यवस्थाः** सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र अन्य कार्यक्रममा समावेश गरिने छैन ।

**१७. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिको उल्लेख भएका बुदाहरु प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

**१८. संशोधनः** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधाअड्चन परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूचि १

**<u>आवेदन पत्र</u>**

मितिः

श्रीमान कार्यालय प्रमुख ज्यु,
माङसेबुङ गाउँपालिकाको कार्यालय
इभाङ, इलाम

**विषयः अनुदान सहयोग उपलब्ध गराइदिने बारे ।**

महोदय,

प्रस्तुत विषयमा मिति ............................ गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम कफि खेति प्रवर्दन कार्यक्रममा सहभागि हुने चाहना भएकोले सूचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गर्दछु । अनुदान सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्दता समेत जाहेर गरिएको जानकारीको लागि अनुरोध छ ।

**तपशिलः**

१. अनुसूचि-१ बमोजिमको आवेदन पत्र, अनुसूचि-२ बमोजिमको प्रतिबद्धता पत्र र अनुसूचि-३ बमोजिमको कार्ययोजना विवरण
२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
३. वडा कार्यालयको सिफारीस
४. आवेदकको फर्म दर्ता, पान नं र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसूचि-४ बमोजिमको स्व-घोषणा पत्र ।
६. कृषक समूह/सहकारीको हकमा बैठक निर्णयको प्रतिलिपि
७. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र

**<u>निवेदक</u>**
नामः
ठेगानाः
मोवाइल नं
दस्तखतः
संस्थाको छापः

## अनुसूचि - २

**प्रतिवद्धता पत्र**

........................ को मिति ............................. को सूचना अनुसार कफि खेति प्रवर्धन कार्यक्रम सन्चालनको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिम कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा माङसेबुङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौ । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउला । साथै सञ्चालित कृयाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता व्यक्त गर्दछु/ छौ ।

साझेदारको तर्फबाट

नामः

ठेगानाः

मोवाइल नं

दस्तखतः

मितिः

संस्थाको छापः

## अनुसूचि - ३

**<u>कार्ययोजना विवरण</u>**

१. व्यवसायको परिचयः

२. उदेश्यः

३. कफि खेति व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरणः

६. अपेक्षित वार्षिक प्रतिफलः

**<u>आवेदन पेश गर्ने साझेदारको</u>**

निजी फर्म/समूह/सहकारीको नामः
ठेगानाः
कफि खेति गरिने स्थानः
सम्पर्क नः

**<u>आवेदकको तर्फबाट सही गर्नेको</u>**

नामः
दस्तखतः
मितिः
औठाको/संस्थाको छापः

**अनुसूचि - ४**

**स्व-घोषणा पत्र**

श्रीमान कार्यालय प्रमुख ज्यू,
माङसेबुङ गाउँपालिका
इभाङ, इलाम

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ............................ को सूचना अनुसार ........................................... ले कफि खेति प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गरेको हुदाँ तपशिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौ । यदि यस स्व-घोषणामा केहि झुटो पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौ ।

**तपशिल**,

१. कुनैपनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।
२. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।
३. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

आवेदकको नामः
पदः
ठेगानाः
समूह/सहकारीको नामः
सम्पर्क नः
समूह/सहकारीको छापः
औठा छापः

| दायाँ | बायाँ |
|---|---|
| | |

**अनुसूचि - ५**

**<u>सम्झौता पत्र</u>**

आ.व. २०८१/०८२ मा सञ्चालन हुने कफि खेति प्रवर्धन कार्यक्रमको लागि माङसेबुङ गाउँपालिकाको कार्यालय, इभाङ, इलाम (यस भन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका कृषि फर्म/कृषि समुह/सहकारी समूह (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) बिच तपशिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

१. दोस्रो पक्षले कार्ययोजना बमोजिम कार्य गर्नुपर्नेछ ।
२. प्रथम पक्षले बुँदा नं १ बमोजिमको कार्यको लागि बढिमा रू ............ अनुदान दोस्रो पक्षलाई उपलब्ध गराउनेछ ।
३. दोस्रो पक्षले अनुदान रकम नियमानुसार खर्च गरि खर्चको प्रमाणित बिल/भरपाईहरु प्रथम पक्षलाई बुझाउनुपर्ने छ ।
४. प्रथम पक्षले दोस्रो पक्षलाई कफि खेति प्रवर्धन कार्यक्रका लागि सम्झौता बमोजिमको अनुदान रकम कार्ययोजना बमोजिम कार्य सम्पन्न भए पश्चात बैंक खातामा जम्मा गरि उपलब्ध गराउने छ ।
५. दोस्रो पक्षले प्रथम पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरि आफूले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्नेछ ।
६. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ ।
७. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितब्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयमं हुनेछ ।
८. दोस्रो पक्षले प्रस्ताव साथ पेश गरेको कार्ययोजना बमोजिमको कार्य मुल्याङकन गरि प्राप्त प्रतिवेदनको आधारमा स्विकृत अनुदान रकम घट्न सक्ने छ ।
९. दोस्रो पक्षले कार्ययोजना अनुसार काम नगरेको अवस्थामा सोको सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्नेछ ।
१०. यो सम्झौता चालु आ.व. .......... को लागि मात्र हुनेछ ।
११. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
१२. दोस्रो पक्षले ................. बाट कार्यक्रम शुरू गरी ............. गते सम्ममा सम्पन्न गरी अन्तिम भुक्तानिका लागि पेश गरी सक्नु पर्ने छ ।

**<u>प्रथम पक्ष</u>** (कार्यालयको तर्फबाट)
नामः
पदः
दस्तखतः
मितिः
सम्पर्क नं
कार्यालयको छापः

**<u>दोस्रो पक्ष</u>** (कृषि फर्म/कृषि समुह/सहकारी संस्थाको तर्फबाट)
नामः
पदः
दस्तखतः
सम्पर्क नं
कार्यालयको छापः

**रोहवरः**

ईति सम्वत् ............................ साल ............. महिना ............. गते रोज ............... शुभम् ।

**अनुसूचि - ६**

**<u>कफि खेति प्रवर्दन कार्यक्रम लाभ ग्राहि छनौट मुल्याङ्कन मापदण्डः</u>**

| क्र.स. | सुचकाङ्क आधार | अधिकतम सम्भाब्य अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| अ | प्रमुख मापदणड (६५) | | | |
| १ | कार्यक्रमको कमाण्ड क्षेत्रका लाभान्बित बर्ग | १० | | |
| २ | प्रस्तावित कार्यक्रमले समेट्ने संख्या | १० | | |
| ३ | सामाजिक एवं लैङ्गिक सहभागिता(माहिला पुरुष दलित आदि) | १० | | |
| ४ | प्रस्तावित कार्यले उत्पादन बृद्दि प्रशोधन र बजारिकरण मा पुग्ने सहयोग | १५ | | |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | १० | | |
| ६ | प्रस्तावित कार्यक्रमको भौगोलोक एवं प्राबिधिक उपयुक्तता | १० | | |
| आ | सहायक मापदण्ड(३५) | | | |
| १ | प्रस्तावको आवश्यक कागजातको प्रकृया पुरा भएको | ५ | | |
| २ | समान प्रकृतिको अनुदान सहयोगको पहुँच नभएको | ५ | | |
| ३ | सहभागि लक्षित बर्गको नगद वा बस्तुगत योगदान परिमाण र प्रतिबद्दता | ५ | | |
| ४ | प्रस्तावित बाहेक परियोजना बाट लाभान्बित हुन सक्ने अन्य लाभान्वित बर्गहरु | ५ | | |
| ५ | प्रस्तावित कार्यक्रमको सृजनात्मकता एवम् नविनता | ५ | | |
| ६ | आवेदकको सस्थागत क्षमता तथा कार्य अनुभव | ५ | | |
| ७ | प्रस्तावित कार्य कृषकको माग एवं आवश्यकता अनुरुप रहे/ नरहेको | ५ | | |
| | जम्मा | | | |

चेक लिस्ट

| क्.स | चेक लिस्ट | | | |
|---|---|---|---|---|
| | | छ | छैन | सुचना छैन |
| १ | उदेश्य तथा अपेक्षित प्रतिफल (परिणाम र प्रतिफल) उल्लेख भएको छ? | | | |
| २ | तोकिएको भौगोलिक क्षेत्रको लागि उपयुक्त छ? | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | आर्थिक रुपमा सबल छ? लागत भन्दा बढि लाभ छ छैन? | | | |
| ४ | समुह सस्थाले ब्यबस्थापन गर्न सक्ने प्रकृतिको छ छैन? दक्ष जनशक्तिको पर्याप्त मात्रामा संलग्नता छ छैन | | | |
| ५ | प्रस्तावित क्रियाकलापहरु अपेक्षित प्रतिफल प्राप्त गर्न पर्याप्त छन् | | | |
| ६ | प्रस्तावित क्रियाकलापहरु उल्लेखित बजेट सिमा भित्र प्राप्त गर्न सकिने प्रकृतिका छन | | | |
| ७ | प्रस्तावित क्रियाकलापहरु तोकिएको समयसिमा भित्र सम्पन्न गर्न सकिन्छ | | | |
| ८ | क्रियाकलाप सञ्चालन कार्ययोजनाले सलग्न सबैमा बाढिएको भुमिका प्रस्ट पारेको छ? | | | |
| ९ | अन्य स्रोतबाट पनि बजेट बिनियोजन भई दोहोरोपना प्रस्ट पारेको छ? | | | |
| १० | क्रियाकलाप सञ्चालनमा आधारभुत स्रोत प्राप्त गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ? | | | |
| ११ | के प्रस्ताबित कार्यक्रमले कुनै पनि सार्बजनिक स्थल धार्मिक स्थल सार्वजनिक घर खानेपानी मुहान चौतारा आदिलाई प्रतिस्थापन गर्ने अबस्था छ् | | | |
| १२ | कुनै पनि अन्य दलित गरिब त सिमान्तकृत समुदायको जिबिकोपार्जनमा कुनै किसिमको नकारात्मक असर पर्ने सम्भावना छ्? | | | |
| १३ | के प्रस्तावित कार्यक्रमले महिलाहरुको कार्य बोझ थप गर्ने सम्भाव**ना छ?** | | | |
| १४ | कार्यान्यनको कारणले समुदाय समुदायबिच विवाद आउने सम्भावना छ? | | | |
| १५ | अरुले आर्जन गरेको सम्पति उसको स्व इच्चाबाहेक क्षति हुने कारण सम्भावना रहेको छ? | | | |
| १६ | पहिचान भएका सामाजिक बाताबरणमा नकारात्मत असर न्युनिकरण गर्न सामाजिक ब्यबस्थापनमा योजना बनाएको छ? | | | |
| १७ | अन्य केहि भएमा | | | |

स्थलगत निरिक्षण पश्चातको निर्णय

| निर्णय | ✓ चिन्ह लगाउनुहोस |
|---|---|
| अहिलेकै अबस्थामा कार्यान्वयन गर्न उपयुक्त छ | |
| बाताबरणिय प्रभाब मापदण्डमा सफल भए अहिलेकै अबस्थामा कार्यान्वयन गर्न उपयुक्त छ | |
| कार्यान्वयन गर्न उपयुक्त छैन | |
| | |

कार्यक्रमको तुलनात्मक चित्र रेखा

| क्र.स | प्रस्ताब पेश गर्ने | प्राप्ताङ्क | | जम्मा प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रमुख मापदण्ड(६५) | सहायक मापदण्ड(३५) | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

प्रस्ताव मूल्यांकन समितिका सदस्यहरुको नाम र दस्तखत

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

आमन्त्रित

मिति

**प्रमाणित गर्ने अधिकारीकोः**

दस्तखतः

नाम थरः

पदः

मितिः

आज्ञाले,

दिलशेर राई

प्रमुख प्रशासकीय अधिकृत